बराहक्षेत्र नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चक्रघट्टी, सुनसरी
सिलबन्दी बोलपत्र आव्हान सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति २०७५।१२।२४गते**

यस कार्यालयको आ.व. ०७५।०७६ को तपशिलमा उल्लेखित निर्माण कार्य बोलपत्रद्वारा गराउनुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक फर्म कम्पनि वा संस्थाले निम्नशर्तहरूको अधिनमा रही निर्माण कार्य गर्न यस कार्यालयबाट बोलपत्र फारम खरिद गरि निम्न शर्तहरूको अधिनमा रही रितपुर्वक छुट्टा छुट्टै बोलपत्र सिलबन्दी गरी यस न.पा कार्यालयमा पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

१) बोलपत्र फारम यो सुचना प्रकाशित भएको मितिले ३० औं दिनको ५:०० बजे सम्म बोलपत्र दस्तुर (पछि फिर्ता नहुने गरी) बुझाई खरिद गर्न सकिनेछ।

२) बोलपत्र फारम खरिद गर्दा कम्पनि वा फर्म दर्ता प्रमाणपत्र निर्माण व्यवसायी ईजाजत प्रमाण पत्र, VAT दर्ता प्रमाणपत्र र आ.व. २०७४।२०७५ को करचुक्ता प्रमाण पत्रको प्रतिलिपि निबेदन साथ पेश गर्नु पर्ने छ।

३) बोलपत्र सुचना प्रकाशित भएको मितिले (३१ औं दिन) दिनको १२:०० बजे सम्ममा यस कार्यालयमा दर्ता गरि सक्नु पर्ने छ र दाखिला भएका बोलपत्र सोहि दिनको २.०० बजे कार्यालयका प्रतिनिधि र बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थितीमा यस कार्यालयमा खोलिने छ। बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन। बोलपत्र खरिद गर्ने दर्ता गर्ने, खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट क्रमशः उल्लेखित समय अनुसार नै उक्त कार्यहरू हुनेछ।

४) बोलपत्र पेस गर्ने फर्म कम्पनि वा संस्थाले बोलपत्र साथ बुझाउनु पर्ने धरौटि बापतको रकम बराहक्षेत्र नगरपालिकाको मेगा बैङ्क नेपाल चक्रघट्टी स्थित ०२२००१०११७४०४ नं धरौटि खातामा जम्मा गरेको बैङ्क भौचर वा सोहि अनुसारको लागी बोलपत्र मान्य अवधि ९० दिनको म्याद भएको बैङ्क ग्यारेन्टि पत्र (विड वण्ड) शिलबन्दी बोलपत्र साथ पेश गर्नु पर्ने छ।

५) बोलपत्र भर्दा Bill of Quantity को प्रत्येक महलमा छुट्टा छुट्टै VAT बाहेकको कबोल अंक र अक्षर दुवै महलमा भरि पेश गर्नु पर्ने छ। अंक र अक्षर फ़रक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

६) बोलपत्र दाताले लागत अनुमान भन्दा १५% सम्म कम अंक कबुल गरेमा कबुल अंकको ५% र लागत अनुमानको १५% भन्दा बढि घटेर कबुल गरेको अवस्थामा १५% भन्दा जति रकमले घटि कबुल गरेको छ सोको ५०% ले हुन आउने रकम कबुल अंकको ५% मा थप गरि कार्य सम्पादन जमानत राख्नु पर्ने छ।

७) बोलपत्र दाताले आफुले पेश गरेको बोलपत्र फारममा कुनै कुरा संसोधन गर्नु परेमा बोलपत्र दर्ताको अन्तिम समय भन्दा २४ चौबिश घण्टा अगाडी निवेदन दिई बोलपत्र फिर्ता लिन सक्नेछ।

८) बोलपत्र स्वीकृत गर्ने, रद्द गर्ने र आंशिक रूपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

९) यस सूचनामा उल्लेख्व भएका विषयहरू यसै सूचना बमोजिम हुनेछ र अन्य विषयहरूको हकमा बोलपत्र सम्बन्धि कागजात, सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावलि, २०६४ बमोजिम हुनेछ।

१०) रित नपुगी वा म्याद नाघी र कुनै शर्त राखी पेश हुन आएका बोलपत्रहरू मान्य हुनेछैन।

११) यस नगरपालिकाको हितलाई ध्यानमा राखि कुनै कारण जनाई वा नजनाई पुरा वा आंशिक रूपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

१२) नक्कली कागजात पेश गरी वा मिलोमतो गरी बोलपत्रमा भाग लिएको पाईएमा त्यस्ता बोलपत्र रद्द गरी कालो सुचीमा समावेश गर्न सम्बन्धीत निकायमा सिफारिस गरिनेछ।

१४) यस सम्बन्धमा अन्य कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ।

अच्युत प्रसाद दाहाल
प्रमुख प्रशासकिय अधिकृत

## तपशिल

| क्र.सं | ठेक्का नं | कामको विवरण | ल.ई रकम (मु.अ.कर बाहेक रु) | धरौटि रकम (रु) | बोलपत्र फारम दस्तुर (रु) |
|---|---|---|---|---|---|
| १ | ०१/०७५। ०७६ | महेन्द्रगेट देखि बाङ्गे जाने बाटो कालो पत्रे वडा नं ७ **(चेनेज:- ०+७१० देखि १+४२० सम्म)** | ६८,६८,६०८।९२ | १,७२,०००।- | ३,०००।- |
| २ | ०२/०७५। ०७६ | महेन्द्रगेट देखि बाङ्गे जाने बाटो कालो पत्रे वडा नं ७ **(चेनेज:- १+४२० देखि २+१०० सम्म)** | ६५,७८,४४९।३९ | १,६४,५००।- | ३,०००।- |
| ३ | ०३/०७५। ०७६ | फुलबारी बगैचा निर्माण कार्य कार्यालय परिसर, वडा नं ६ | २१,१२,२२६।६५ | ५३,०००।- | ३,०००।- |
| ४ | ०४/०७५। ०७६ | सर्यकुण्ड जाने बाटो निर्माण, वराहक्षेत्र १ | ५५,७७,३०८।७७ | १,३९,५००।- | ३,०००।- |
| ५ | ०५/०७५। ०७६ | कोशी गा.पा. सिमाना देखि मधुवन जाने बाटो निर्माण कार्य, वडा नं ११ | २५,४९,४६८।०८ | ६४,०००।- | ३,०००।- |
| ६ | ०६/०७५। ०७६ | प्रकाशपुर प्रहरी चौकी गोसखान देखि भोक्राहा नरसिंह गा.पा. सिमान जोड्ने बाटो स्तरोन्नती गर्ने कार्य, वडा नं १० | २३,७९,८३६।३७ | ५९,५००।- | ३,०००।- |
| ७ | ०७/०७५। ०७६ | अमाह सिमसार कम्पाउण्ड वाल निर्माण कार्य, वडा नं ५ | ८१,५७,२०४।३८ | २,०४,०००।- | ३,०००।- |
| ८ | ०८ | अमाह सिमसार स्तरोन्नती कार्य, वडा नं ५ | ३०,५०,७२९।- | ७६,५००।- | ३,०००।- |

अच्युत प्रसाद दाहाल
प्रमुख प्रशासकिय अधिकृत